# चैत्र

चैत्रका दिनहरू आलस्यका पाइलाहरू चालेर
सुस्तरी हिँडिरहेछन् सडकमा
थकाइ मानेर
मनका हाँगाहरूले सोचेका हरियालीका पल्लवहरू
झरेर
मन उदास, उजाड मौसममा परिणत भएको छ,
शुष्कता बोकेका आँधीबेहरीहरू
कति नरमाइलो देखिन्छ दृश्यावलीहरू
जीवन सङ्ग्राममा हारेको
कष्टप्रद अनुभूतिहरू बोकेर
शरीर क्लान्तः
क्लान्तः मस्तिष्क
असफलताको पीडामा हिँड्छ ।

यो टुट्नै लागेको संवेदनाको पलहरूमा
अति नाजुक घडीहरूमा
महिनामा
वर्षमा आत्मीय सम्झेका मित्रहरूको साथले पनि
छोड्दो रहेछ,
प्रेयसी सम्झेकाहरूको भरोसा
प्रेमपूर्ण हेराइले पनि छोड्दो रहेछ,
सङ्घर्षको क्षणिक पराजयमा जीवनको
आत्मबलको पेच झारेर
परास्त गर्न
स्वनामधन्य छातीहरू पनि देखा पर्दो रहेछ ।

म चैत्रको आत्मविश्लेषणमा
सङ्केन्द्रित हुँदा
आफूलाई चारैतिरबाट
आक्रमणको तीर वर्षाबाट
निरन्तरको घोचपेचहरूबाट
असहिष्णु आक्रमणहरूबाट
नितान्तः एक्लो/आहत
सङ्कटग्रस्त
प्रत्युत्तररहित र क्षतविक्षत पाउँछु ।

चैत्रमा
मनका हाँगाहरूले सोचेका हरियालीका पल्लवहरू
झरेर ........................................... ।

६ ६ ६